तथा पदाधाकारीले आफूले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी बहन गर्नु पर्नेछ र त्यस्तो कामको सम्बन्धमा निज आफैं जवाफदेही हुनेछ ।

**२७. अध्यक्ष र उपाध्याक्षको जिम्मेवारीः-**

(१) ऐनको दफा (२४) बमोजिम वित्तिय उत्तरदायित्व बहन गर्ने /गराउने सम्बन्धमा अध्यक्षको जिम्मेवारी देहाय अनुसार बमोजिम हुनेछ ।

(क) आफ्नो र मातहतको कार्यालयको योजना बजेट तथा कार्यक्रम तर्जुमा गर्ने / गराउने र कार्यान्वयनको लागि मार्गदर्शन गर्ने,

(ख) मातहतका आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको त्रैमासिक रुपमा मूल्याङ्कन गर्ने / गराउने,

(ग) विनियोजित बजेट लक्षित उद्श्य अनुरुप खर्च हुन नसकेमा सो को जिम्मेवारी लिने,

(घ) आन्तरिक नियन्त्रण प्रणालीको जानकारी लिने र आवश्यक निर्देशन दिने,

(ङ) वडा कार्यालयले गरेको नियमित कार्यको अनुगमन, सुपरीवेक्षण तथा नियमन गर्ने ।

(२) यस ऐनको कार्यान्वयन तथा वित्तिय उत्तरदायित्व बहन गर्ने/गराउने सम्बन्धमा गाउँपालिकाको उपाध्याक्षको जिम्मेवारी देहाय अनुसार बमोजिम हुनेछ ।

(क) अनुगमन समितिको संयोजनको रुपमा वार्षिक योजना कार्यान्वयनको लागि अध्यक्ष सँग समन्वय गर्ने,

(ख) फिल्डको वस्तुस्थिति, खर्चको परिमाण, असर र प्रभाव समेत विश्लेषण गरी भुक्तानीको लागि अनुगमन

पछि मात्र अनुगमन समितिको संयोजकको रुपमा सिफारिस गर्ने,

(ग) स्वीकृत नर्मस भित्र कार्यक्रम सञ्चालन गर्ने/गराउने व्यवस्था गर्ने,

(घ) गाउँपालिका अध्यक्षको उपस्थिति नभएको समयमा गाउँपालिका अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु र उत्तरदायित्त्व बहन गर्ने ।

**२८. प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीः-**

(१) प्रचलित अन्य कानूनका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको देहायको जिम्मेवारी हुनेछः-

(क) अध्यक्षको निर्देशन अनुसार वार्षिक योजना, बजेट तथा नीति कार्यक्रमको कार्यान्वयन गर्ने ।

(ख) सभा र कार्यापालिकाले गरेका निर्णय कार्यान्वयन गर्ने।

(ग) भुक्तानी र आर्थिक दायित्त्वका विषयमा द्विविधा भै कार्यपालिका समक्ष पेश भएका विषयमा कार्यपालिकाबाट भएको निर्णय अनुसार कार्यान्वयन गर्ने ।

(घ) बेरुजु फस्यौंटको लागि कगाजपत्र तयारी गर्ने र सम्बन्धित समितिमा पेश गर्न सहजिकरण गर्ने।

(ङ) खर्चको फाँटवारी, आर्थिक विवरण फाँटवारी तथा आर्थिक विवरण प्रमाणित गराई समयमै सम्बन्धित निकायमा पठाउने र लेखापरीक्षण गराउने ।

(च) कार्यालयमा रहने अभिलेख, लेखा र जिन्सी मालसामानको सुरक्षा गर्ने व्यवस्था गर्ने ।

**२९. आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारीः-**

